# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०१/२१ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

-------------------------------------------------------

लम्जुङ्ग जिल्ला, चन्द्रेश्वर गा.वि.स. वडा नं. ४, दुराडाँडा स्थायी घर भई हाल बागमती अञ्चल, काठमाडौं जिल्ला, धापासी-६ टोखा बस्ने सीप बिकास परियोजना, नयाँ बानेश्वर, काठमाडौंका वरिष्ठ लेखा अधिकृत रामबाबु अधिकारीले सार्वजनिक सेवाको पदमा रहँदा मर्यादा बिपरितका कार्यहरू गरी श्रोत पुष्टी हुन नसक्ने अकुत सम्पत्ति आर्जन गरेको हुंदा आवश्यक कारवाही गरियोस् भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज रामबाबु अधिकारीले रु.२,५४,६९,८८७।- (दुई करोड चौवन्न लाख उनान्सत्तरी हजार आठ सय सतासी रुपैयाँ) बराबरको सम्पति आर्जनको वैध श्रोत पुष्टी गर्न नसकेको आधारमा निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको आधारमा निज विरुद्ध साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) एवं दफा ४७ र अख्तियार दुरुपयोग आयोग ऐन, २०४८ को दफा २९ (ख) बमोजिम मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता